# भाषा आयोग
# शङ्खमूल, काठमाडौँ
## उत्कृष्ट कर्मचारी पुरस्कार छनोट र सिफारिससम्बन्धी मापदण्ड, २०८३

*भाषा आयोगबाट स्वीकृत मिति*
*2083 भाद्र 03 गते*

**प्रस्तावना**

भाषा आयोगले नेपालको भाषिक विविधताको संरक्षण, संवर्द्धन र विकासलाई सुदृढ बनाउन स्थापना कालदेखि नै विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ। यसै क्रममा भाषा आयोगको स्थापना दिवसका अवसरमा आयोगमा कार्यरत कर्मचारीलाई कार्य सम्पादनमा प्रेरित गर्ने उद्देश्यले एक जना उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई सम्मानित गर्ने निर्णय गरेको छ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीको छनोट तथा सिफारिस प्रक्रियालाई मापदण्डमा आधारित, सरल, सहज, व्यवस्थित, अनुमानयोग्य, वस्तुनिष्ट र पारदर्शी बनाउन बाञ्छनीय भएकोले यो मापदण्ड तयार पारी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस मापदण्डको नाम "उत्कृष्ट कर्मचारी पुरस्कार छनोट तथा सिफारिस सम्बन्धी मापदण्ड, २०८३" रहेको छ ।

ख) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः**

क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

ख) "आयोग" भन्नाले भाषा आयोगलाई सम्झनु पर्छ। ।

ग) "कर्मचारी" भन्नाले भाषा आयोगमा कार्यरत स्थायी तथा करारमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

घ) "पुरस्कार" भन्नाले यस मापदण्ड बमोजिम प्रदान गरिने नगद वा जिन्सी वस्तुलाई सम्झनु पर्छ।

ङ) "मापदण्ड" भन्नाले उत्कृष्ट कर्मचारी पुरस्कार छनोट तथा सिफारिससम्बन्धी मापदण्ड, २०८३ सम्झनु पर्छ।

च) "सम्मान पत्र" भन्नाले यस मापदण्ड बमोजिम कर्मचारीलाई प्रदान गरिने सम्मान पत्रलाई सम्झनु पर्छ।

छ) "सचिव" भन्नाले भाषा आयोगको सचिव सम्झनु पर्छ।

ज) 'समिति" भन्नाले यस मापदण्ड बमोजिम उत्कृष्ट कर्मचारी पुरस्कार छनोट तथा सिफारिस गर्न गठन गरिएको समितिलाई सम्झनु पर्छ।

## ३. उत्कृष्ट कर्मचारी पुरस्कार छनोट तथा सिफारिस समिति गठन

(१) उत्कृष्ट कर्मचारी पुरस्कार छनोट तथा सिफारिस गर्न देहायबमोजिमको समिति रहनेछः

| | | |
|---|---|---|
| अ) | प्रशासन तथा मानव संसाधन विकास शाखा प्रमुख | संयोजक |
| आ) | सचिवले तोकेको एक जना उपसचिव | सदस्य |
| इ) | प्रशासन शाखा हेर्ने शाखा अधिकृत | सदस्य सचिव |

## ४. उत्कृष्ट कर्मचारी छनोट तथा सिफारिस

(1) उत्कृष्ट कर्मचारी छनोट तथा सिफारिसका आधारहरु अनुसूची 1 मा उल्लेख भए बमोजिम हुनेछ।

(2) अनुसूची १ ले तय गरेका मानकका आधारमा आयोगमा कार्यरत कर्मचारीहरूमध्ये क्रमशः सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना कर्मचारीहरुको नाम छनोट गरी समितिले प्रत्येक वर्ष भाद्र महिनाको दोस्रो हप्ताभित्र सचिवसमक्ष पुरस्कारको लागि सिफारिस गर्नुपर्नेछ।

## ५. उत्कृष्ट कर्मचारी घोषणा

(१) समितिले सिफारिस गरेका तीन जना कर्मचारीहरूमध्येबाट सचिवले आधार र कारणसहित एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारी पुरस्कार दिने निर्णय गर्नेछ। हरेक वर्ष आयोग स्थापनाको अवसरमा उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ।

## ६. सम्मानपत्र तथा पुरस्कार प्रदान

(१) आयोगको स्थापना दिवसको दिन उत्कृष्ट कर्मचारीलाई अनुसूची २ बमोजिमको सम्मानपत्र तथा पुरस्कार आयोगका अध्यक्ष वा अध्यक्षको अनुपस्थितिमा आयोगका बरिष्ठतम सदस्य वा अध्यक्ष र सदस्यहरूको अनुपस्थितिमा सचिवमार्फत् प्रदान गरिनेछ।

(2) उत्कृष्ट कर्मचारीलाई आयोगले तोकेबमोजिम नगद पुरस्कार र सम्मानपत्र प्रदान गरिनेछ।

## ७. भाषा वर्ष कर्मचारी छनोटका आधारहरू

क) **मूल्याङ्कन अवधिः** कर्मचारीले एक वर्षभरि गरेका कार्य सम्पादनको उत्कृष्टताको आधारमा छनोट गरिनेछ।

ख) **समयको परिपालना र अनुशासनः** यसमा मूल्याङ्कनका लागि कर्मचारीको वर्षभरिको समयको पालना, आचरण, हाजिरी, उपस्थिति र नियमित कार्यालय पोशाक लगाए नलगाएको पक्षलाई आधार बनाइनेछ। तर कार्यालयको मर्यादा र अनुशासन विपरीत काम गरेका कर्मचारीहरू यो सम्मान पाउन योग्य हुने छैन।

ग) **कार्य सम्पादनको स्तरः** कर्मचारीको कार्यसम्पादनको स्तर निर्धारण गर्न निजले आफ्नो कार्यविवरणमा उल्लेखित कार्य, भैपरि आउने कार्य र आफ्नै अग्रसरतामा सिर्जनशील भई कार्यसम्पादन गरी संस्थाका लागि थप उपलब्धि प्राप्त गरेको हुनुपर्नेछ।

घ) **अन्तर-शाखा समन्वय, सहकार्य र सहयोगः** कर्मचारीले कार्यालयमा रहँदा अन्तर शाखा र कर्मचारीका बीच सहयोगी, सहकार्य र समन्वयात्मक भूमिका निर्वाह गरेको हुनुपर्नेछ।

ङ) **नेतृत्व क्षमता र बहुसीपयुक्तः** नेतृत्व क्षमताको मूल्याङ्कनका लागि कर्मचारीको सुपरिवेक्षक, सहकर्मी र अन्य कर्मचारी एवम् जनस्तरको भाषिक सवालहरूलाई सम्बोधन गर्ने क्षमतालाई आधार बनाइनेछ। कर्मचारीको बहुसीपगत पक्षको प्रयोग र उपलब्धिलाई आधार बनाई मूल्याङ्कन गरिनेछ।

च) **सिर्जनशील, प्रविधिमैत्री र नवीन अभ्यासः** उत्कृष्ट कर्मचारी छनोट गर्दा पेसागत जीवनमा विभिन्न चुनौतीहरूलाई सही ढङ्गले व्यवस्थापन गर्न सक्ने क्षमताको आधारमा कर्मचारीको मूल्याङ्कन गरिनेछ।

छ) **कारबाही र बेरुजुको लगतः** कर्मचारी छनोट हुने एक वर्ष अवधिमा कुनै पनि किसिमको कारवाहीमा नपरेको हुनुपर्नेछ। साथै निजको नाममा कार्यालयमा कुनै पनि किसिमको बेरूजु रहेको हुनु हुँदैन।

ज) **कार्यालयमा योगदानः** कर्मचारीबाट एक वर्षको अवधिमा कार्यालयको काममा के कस्ता योगदान पुगेको छ भन्ने विषयलाई सूचकमा आधारित भई मूल्याङ्कन गरिनेछ।

८. **मूल्याङ्कनका आधारहरु:** समितिबाट कर्मचारी मूल्याङ्कनका लागि बुँदा ६ मा उल्लेख भएबमोजिम अनुसूची-१ मा समाविष्ट उत्कृष्ठ कर्मचारी छनोटका लागि तयार पारिएको छनोटका आधारहरू बमोजिम हुनेछ।

९. **परिमार्जन तथा संसोधन:** यस कार्यविधिलाई आवश्यकतानुसार आयोगले परिमार्जन र संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

## उत्कृष्ट कर्मचारी छनोटका आधारहरू

| मूल्याङ्कनका आधारहरू | स्तर/ अङ्क | प्राप्ताङ्क | | | छनोट र सिफारिस |
|---|---|---|---|---|---|
| | | अतिउत्तम | उत्तम | सामान्य | |
| समयको परिपालना र अनुशासन | २० | २० | १५ | १० | |
| कार्य सम्पादनको स्तर | २० | २० | १५ | १० | |
| अन्तर–शाखा समन्वय, सहकार्य र सहयोग | १० | १० | ८ | ६ | |
| नेतृत्व क्षमता र बहुसीपयुक्त | १० | १० | ८ | ६ | |
| कार्य सम्पादनमा सिर्जनशील, प्रविधिमैत्री र नवीनता | १० | १० | ८ | ६ | |
| कारबाही र बेरुजुको लगत | १० | १० | | | |
| आयोगमा पुऱ्याएको योगदान | २० | २० | १५ | १० | |
| कूल जम्मा | १०० | १०० | | | |

<u>**अनुसूची-२**</u>

**भाषा वर्ष कर्मचारीलाई प्रदान गरिने सम्मान पत्रको नमुना**

